जि.प्र.का.का.दर्ता नं. २१३/०७८/०७९

स.क.पा. द.नं. : ५३४५१/२०७८

"सूचना मागौं, भ्रष्टाचारको अन्त्य गरौं ।"

# सूचनाको हकका लागि राष्ट्रिय महासंघ

# NATIONAL FEDERATION FOR RIGHT TO INFORMATION (RTI- FEDERATION)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

च.नं. १३४

मिति : २०८१।१०।०९

## प्रेस विज्ञप्ति

भोजपुर नगरपालिका वडा नं.-११ आम्तेक, भोजपुरका स्थानीयवासी एवं भोजपुर नगरपालिका वडा नं.-९ मा रहेको युनिक एण्ड युनाइटेड पब्लिक एकाडेमीका शिक्षक ईश्वरीप्रसाद ढकालले आफू अध्यापनरत विद्यालयमा सूचना मागं गरेकै कारण जागीरवाट निकालेको घटनाप्रति महासङ्घ घोर आपत्ति जनाउँदछ । विद्यालयजस्तो सरस्वतीको मन्दिरमा राज्यले वनाएको कानुनको अधीनमा रही नागरिकका नाताले सूचना माग गर्दा जागीरवाट निकालिनुपर्ने घटनाले विद्यालय सञ्चालकको चेतनास्तरमाथि नै प्रश्न गरेको छ ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले गरेको व्यवस्था अनुसार प्रक्रिया पुऱ्याएर सूचना माग गरेका ईश्वरीप्रसाद ढकाललाई विद्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखले सूचना नदिएपछि राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरी आयोगले पनि सूचना दिन आदेश गरिसकेको अवस्थामा सूचना मागकर्तालाई सेवावाट हटाउनु नेपालको कानुनविपरीत रहेकाले तत्काल पुनर्वहालीका लागि महासङ्घ जोडदार माग गर्दछ । ढकाललाई विद्यालयले निकालेको मिति २०८१ फागुन १ गतेकै मितिदेखि लागु हुने गरी पुनर्वहाली गरी निजले माग गरेको सूचना आयोगकै आदेशवमोजिम दिनुपर्दछ । अन्यथा महासङ्घ कडाभन्दा कडा कदम चाल्न वाध्य हुनेछ ।

पुर्णप्रसाद मिश्र
महासचिव

उमीद वागचन्द
राष्ट्रिय अध्यक्ष

Tel: 01-4770185, Kathmandu Metropolitian-29, Nepal, Email: rti.federation2078@gmail.com, federationrti@gmail.com

Scanned with CamScanner